"शिक्षा, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं ०२६-४२००९९

शुक्रबारे, तेह्रथुम

१ नं. प्रदेश नेपाल

प.सं. :- २०७६।७७

च.नं. :–

मिति:२०७६/०४/१२

**बिषय:- साप्ताहिक हाटबजार कर तथा( वहाल विरौटी शुल्क), पटके सवारी कर र लक्कडी, अलैची, अम्लिसो, तरकारी जन्य बस्तु निकाशी गर्दा सडक प्रयोग गरे बापत सडक मर्मत सम्भार शुल्क असुल उपर गर्ने सम्वन्धी सुचना ।**

यस छथर गाउँपालिकाको पाँचौ गाउँ सभाबाट पारित छथर गाउँपालिकाको आर्थिक ऐन २०७६ मा भएको व्यवस्था बमोजिम यस छथर गाउँपालिका क्षेत्र भित्र साप्ताहिक/पाक्षिक रुपमा लाग्ने हाट बजारमा पसल थापि सामान बिक्रि गर्ने तथा घरायाशी उत्पादन बिक्रि गर्ने बिक्रेताहरुबाट तोकिए बमोजिम कर असुल उपर गर्न तथा यस गाउँपालिका क्षेत्र बाहिर दर्ता भई संचालन हुने सवारी साधन यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गरेबापत सवारी साधनहरुबाट पटके सवारी कर असुल उपर गर्न, लकडी, अलैची, अम्लिसो तथा  तरकारी जन्यबस्तु निकाशी गर्दा सडक प्रयोग गरे बापत सडक मर्मत सम्भार शुल्क संकलन गर्ने प्रयोजनार्थ यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति फर्म तथा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायको बमोजिमका शर्तहरुको अधिनमा रही गोप्य सिलवन्दी बोलपत्र पेश गर्न सूचीत गरिएको छ ।

शर्तहरु

१) सिलवन्दी बोल पत्र पेश गर्दा पेश गर्नेको नाम थर ठेगाना नागरिकत्ता प्रमाण-पत्रको प्रतिलिपि तथा फर्म वा कम्पनी भए सोको दर्ता प्रमाण-पत्र र नबिकरण भएको कागजातको प्रतिलिपि सहित हाटबजार कर र पटके सवारी कर, लकडी, अलैची, अम्लिसो तथा तरकारी जन्यबस्तु निकाशी गर्दा सडक प्रयोग गरे बापत सडक मर्मत सम्भार शुल्क संकलन गर्ने सम्वन्धी अलग अलग प्रस्ताव गोप्य रुपमा खामबन्दी गरि पेश गर्नु पर्नेछ ।

२) सिलबन्दी बोलपत्र फर्म दस्तुर प्रति फारम रु ५००। का दरले बुझाउनु पर्नेछ । बोलपत्र पेश गर्दा रु १०। को टिकट टासी बुझाउनु पर्ने छ ।

३) सिलवन्दी पत्र पेश गर्ने अन्तिम मिति २०७६।०४।२६ गते दिनको ठीक १२ बजे सम्म रहने छ ।

४) एक जना व्यक्ति वा फर्मले माथि उल्लेखित एक वा तिनवटै स्थानमा लाग्ने हाटबजार कर संकलन गर्न सक्ने गरि प्रस्ताब पेश गर्न सक्नेछ ।

५) सिलवन्दी पत्र बुझाउने अन्तिम म्याद मिति २०७६।०४।२६ गते दिनको ठीक १२ सकिनेछ । सोही दिनको १ बजे प्रस्तावदाताको रोहवरमा सिलवन्दी बोलपत्र खोलिनेछ । सो प्रयोजनका लागि प्रस्ताव दाताहरुले आफ्नो सम्पर्क नंम्वर समेत प्रस्ताबमा उल्लेख गर्नु पर्ने छ ।

६) तोकिएको म्याद भित्र पेश हुन आएका सिलवन्दी पत्रको मुल्यांकन गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएको मुल्यांकन समितिबाट गरिने छ ।

७) मुल्यांकन समितिबाट भएको मुल्यांकनको आधारमा सबैभन्दा बढी रकम बोल कवोल गरी बुझाउने व्यक्ति वा फर्मलाई संकलन गर्न अख्तियारी सहित सम्झौता गरिने छ ।

८) माथि उल्लेखित स्थानहरुमा बार्षिक रुपमा तपशील अनुसार गाउँपालिकालाई बुझाउनु पर्ने रकम कायम गरिएको छ ।

**तपशिल**

१. हाटबजार

क) शुक्रबारे हाटबजार न्यूनतम रकम रु ४००००। ( अक्षेरी चालीस हजार मात्र )

ख) ओखे विहिबारे हाटबजार न्यूनतम रकम रु १२०००। (अक्षेरी बाह्र हजार मात्र )

ग) शनिश्चरे हाटबजार न्यूनतम रकम रु १००००। (अक्षेरी दश हजार मात्र )

२. सवारी पटके कर न्यूनतम रकम रु ५६०००। ( अक्षेरी छप्पन्न हजार मात्र )

३ लक्कडी, अलैची, अम्लिसो, तरकारी जन्य बस्तु निकाशी गर्दा सडक प्रयोग गरे बापत सडक मर्मत सम्भार शुल्क न्यूनतम रकम रु १२००००। (एक लाख बीस हजार मात्र )

९) माथि उल्लेखित रकमलाई आधार मानि सो भन्दा बढि रकम कवोल गर्ने प्रस्तावदाताहरु मध्ये सवै भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदातालाई कर संकलन गर्ने छनोट गरी सम्झौता गरिनेछ ।

गुणराज बानियाँ

नि. प्रमुख प्रशासकीय अधिकृत